# मैले सुनें- विष पिउने रहर रहेछ

## - ईश्वरवल्लभ

विष पिउने रहर रहेछ,
मैले सुर्ने तिमीले विष पिएछौ,
सायद समाप्त गर्न यो जिन्दगी र यो वैंसहरू
कुनै शून्यको खोजी
या निस्तारका लागि तिमीले गरेको अभूतपूर्व
व्यक्तिगत आयोजना

पलायन गर्ने आयोजना,
अस्मिता विलयित गर्ने परियोजना कल्पना गरेछौ,
कुनै अज्ञातलाई स्पर्श गर्ने प्रयत्न गरेछौ,
तिम्रो साथीले भन्यो- कुन्नि के गरेको होला त्यसले,
कुनै रोमाञ्च खोजेको जस्तो ।

देहबाट उम्केर निर्देह हुने प्रयत्न गरेको,
बिलकुल नष्ट हुन खोजेको, जहरले,
मैले सुनें-
कतै विष पिउनु पनि एउटा आनन्द हुने होकि,
समाप्त हुने रहरको सुख पाइने होकि,
जिन्दगीबाट भाग्ने इच्छा, र कल्पना होकि

- अस्तित्वको
सायद कुनै आश्चर्यजनक इन्द्रेनीको अनुभव !
हलुका भुवा उडेको जस्तो अनुभव,
परेवाको प्वाँख,
-कर्‍याङ्ग कुरुङ्गको ताँती माथि आकाशमा
शिखरहरूलाई धरातलमा हेर्दै-
धागो छिनिएको चङ्गा हुँदै,
परीहरूले समाएर क्षितिजमा लिएर गएको या
आकाश-गङ्गाहरूका रङ्गहरूमा अल्भिंदै
कतै जाने हो कि,
नत्र विष सार्नुको अर्थ नै के हुन्छ र ?
विना अर्थ मर्नुको अर्थ नै के हुन्छ र !
तन्तु चुँडेपछि तन्तुको के अर्थ हुन्छ र ?
धागो नभएपछि बाँधिनुको के अर्थ हुन्छ र,
जिन्दगी त्यसैले कतै बाँधिनु त हो,
नमर्नु हो
विष नखानु हो,
वेदना पिउनु हो,
सुख जिउनु हो

मरेपछि फूलको देश घुम्ने मन भएछ,
बाइफाले र नितान्त अनियन्त्रित हुन मन लागेछ
उत्रिन मन लागेछ बैसहरूसित,
मृत्युका सुन्दरता र विभोरताहरूसित, लहसिन मन लागेछ,
बाँच्नुको विरोधमा मर्नुभन्दा ठूलो जिन्दगीलाई
-परास्त गर्ने कुनै युक्ति छैन,

अद्‌भूत परिवेशहरू
माला र मोतीहरू
रङ्ग र प्रकाशहरूको
जिउँदो मन र आकाक्षोको जुलुसमा
लावा लस्करका
जात्राका-हिंड्नुको अर्थ जिउनु हो,
तिमीले विष खाएछौ,
साथीले भन्यो विष खाएर पनि बाँच्यौं,
तर एकछिन त मरयौ नै,
मृत्युको साक्षोत्कार देख्नु र अनुभव गर्नु पनि
- एउटा सत्य हो

जिउँदो मन यही हो,
कहिले ढुङ्गा भएर भारी हुन्छ,
फलाम भए । गह्रुँगो हुन्छ
मनै त हो पीडाले डाक्दा

आकाशका अनगिन्ति नीला टुक्राहरू
बादलका यौटा र पानीका बिन्दुहरू-
उसले मरेपछि देखेको रे,
अज्ञानताका समुद्रमा हराउने थियो- ऊ फेरि नब्युँझेको
- भए,
जिससले जस्तै
बिउँझेर नै उसले भन्यो-आकाशका अनगिन्ति नीला टुक्राहरू
उसले भन्यो विषले मेरो घाँटी चहरायो मुटु दुख्यो,
सायद बेहोश भएपछि,

धूपीका पातहरू, रुखहरू र नीलो आकाशका युवाहरू
क्षोम र आकांक्षोहरू,
आफैलाई आफैले समाप्त गर्ने उदान्त तिर्खा,
आफ्नो मृत्यु आफैले पिउने तिर्खा !

अंसवेदित निर्ममता र कठोरताहरूको बिरुद्ध
अदम्य प्यास र जीवनको बुभुक्षोको विरोधाभास

के विषले छाती दुखेन ?
पक्कै चहरायो होला, ताजा घाउ,
छिया छिया भएको अनुभव भयो होला,

अत्यन्त पीडा भयो होला !
के विष पिउँदा तिम्रो मासु र रगत दुखेन ?

कस्तो हुन्छ,
देहभित्र मासु दुखेको पीडा !
जिउँदो मासु बिस्तारै-बिस्तारै पीडित भएको वेदना ?

आत्महत्याको आश्चर्य, कस्तो हुन्छ ?
- उसको साथीले पनि सोधेन

ऊ फेरि मौन जिन्दगी बाँचिरहेछ,
कुनै परिच्छेदको अन्त्यपछि कुनै अर्को परिच्छेद
बाँचिरहेछ ।

विष पिएर मरेपछि फेरि जिन्दगी बाँच्ने क्रम
सायद दुइवटा विश्वयुद्धजस्तै व्यक्तिगत सहनेक्रम
- फेरि बाँच्ने क्रम हो ।
हिरोशिमा र नागासाकीका धुवाँहरू बाँच्ने क्रम हो ।

या कुनै सुन्दर मौसम
बिस्तारै-बिस्तारै बग्ने पानी र समीर
शीतल जून जुनेली, शरद र वसन्त,
गुराँस र भैंचम्पाको बन बाँच्नेक्रम हो ।

जिन्दगी र मृत्युको बिरोधाभासको
क्यानभास र रङ्ग बाँच्नेक्रम हो ।

अभ्यन्तरमा अभ्यन्तर जहर पिएर बाँच्ने मौसम हो ।
नाम सोधेको पनि हुँ,
जहर खाएर मर्न चाहने- ऊ मानिसको ।
कसैले भनेन-विषपायिनीको नाम,
त्यसैले ऊ विषपायिनी हो ।
केवल विषपायिनी !
नाम थाहा नहुनाले विषपायिनी हो,
विष पिएको हुनाले नै विषपायिनी हो,

भैगो, तिमीले जहर खाइ त सक्यौ !
त्यसैले, फेरि ।
सायद मर्नु भनेको फूलको थुङ्गा हो,
सायद कुनै बगैंचामा परेको न्यानो घाम हो ।
सायद कुनै नयाँ सखार हो,
सायद कुनै साँझ हो ।
नदी र छालहरू हो !
जिन्दगीको एउटा अन्त्य हो-
एउटा महान ओझेल हो ।